श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

# नेपाल निजामती कर्मचारी संगठन
# (Nepal Government Employees' Organization)

केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं

(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

## प्रेस -विज्ञप्ति

मिति: २०८०/०६/२१

सार्वजनिक प्रशासनलाई सक्षम, सदृढ, सेवामूलक, प्रभावकारी एवं गतिशील बनाउने उद्धेश्यका साथ वि.सं. २०४७ सालमा स्थापना भएको निजामती क्षेत्रको पहिलो र सशक्त राष्ट्रिय स्तरको ट्रेड युनियन नेपाल निजामती कर्मचारी संगठनले कर्मचारीका पेसागत हक, हित र अधिकारको प्राप्ति र रक्षा मात्र होइन, सार्वजनिक प्रशासन सम्बन्धि उत्कृष्ट कानूनहरु निर्माण गरी मुलुकलाई सुशासन प्रदान गर्ने मूलभुत मान्यतालाई आत्मसात गर्दै जिम्मेवारी पूर्वक ट्रेड युनियनको गतिविधिहरु विधिवत र कानून सम्मत ढंगबाट संचालन गरिरहेको छ ।

पेसागत धर्मको रक्षार्थ यस संगठनले विगतमा लगातार ५६ दिनसम्म ऐतिहासिक आन्दोलन गऱ्यो र सो आन्दोलन देखी हालसम्म आईपुग्दा मनोज, झपेन्द्र र सुरेन्द्रको सहादत भयो, आज उहाँहरु राष्ट्रिय सहिदको रुपमा रहनु भएको छ भने आन्दोलनको क्रममा संगठनका पाँचसय जना भन्दा बढी नेता/कार्यकर्ताको अवकास हुँदा समेत कठिनतम परिस्थितिको सामना गर्दै संगठनको पुर्ननिर्माण गरी निजामती क्षेत्रको सबैभन्दा ठुलो र प्रभावशाली ट्रेड युनियनको रुपमा आज संगठन स्थापित भएको छ । संगठनको गौरवमय ईतिहास र लामो अनुभवको सिकाईबाट जस्तोसुकै परिस्थितिको सामना गर्न पनि संगठन तयार रहेको ब्यहोरा प्रष्ट पार्न चाहन्छौं ।

संविधान जारी भएको करिव एक दशक पुग्न लाग्दा समेत संघीय निजामती सेवा ऐन जारी हुन नसक्नु सरकारको असक्षमता र लाचारीपनको पराकाष्ठा हो । संघीय निजामती सेवा ऐनका सम्बन्धमा राष्ट्रिय स्तरका ट्रेड युनियनहरुको समेत साझा सुझाव बनाई हामीले सरकारलाई प्रस्तुत गरिसकेका छौं । सुझाव प्रस्तुत गर्दा वा छलफलमा रहँदा सबै सेवाका कर्मचारीहरुको साझाहितका सवालहरु, स्थानीय तह, प्रदेश र संघमा कार्यरत सम्पूर्ण कर्मचारीहरु समान हुन भन्ने स्पष्ट दृष्टिकोण उल्लेख गर्दै ऐन जारी हुनुपर्दछ भन्ने पुर्ववत मान्यतामा हामी अडिग छौं ।

स्थानीय तहमा कार्यरत कर्मचारीहरुबाट आफ्ना माग राखेर शुरु भएको काठमाडौं केन्द्रीत सडक आन्दोलनले संगठनको ध्यानाकर्षण गराएको छ । समयमा संघीय निजामती सेवा ऐन जारी नहुँदा केही प्रदेशले कानून निर्माण गर्न सकेका छैनन् भने निर्माण भएका कानूनका कतिपय प्रावधान कार्यान्वयन गर्न कठिन भएको यथार्थको जगमा आन्दोलन शुरु भएको संगठनको प्रारम्भिक धारणा रहेको छ । संगठनले माग राख्दा प्राप्त हुने अधिकारमा संकुचन वा हस्तक्षेप नहुने गरी सजगता पुर्वक राख्ने गरेको छ । संघीय निजामती सेवा ऐन जारी गराउन दवाव दिने उद्धेश्यका साथ संगठन पालिका स्तर सम्म पुग्ने र कार्यक्षेत्रका समस्या पहिचान गर्ने, समस्या समाधानमा केन्द्रीत रहने र आन्दोलनका लागि जागरण श्रृजना गर्ने उद्देश्यका साथ जागरण अभियान सञ्चालन गरिरहेको छ ।

संगठनले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई निजामतीको परिभाषा समेटनु पर्ने, तीनै तहमा तहगत प्रणाली, छिटो वृत्ति विकास हुने पद्धति सहितको पदपुर्तीको ब्यवस्था, सामायोजन संशोधनको पुन:अवसर, संघ, प्रदेश र स्थानीय तहमा अन्तर तह सरुवाको ब्यवस्था, जहाँ सरकार त्यँहा ट्रेड युनियनको मान्यता अनुरुप तीनै तहका कर्मचारीलाई ट्रेड युनियन अधिकार सहित संघीय ऐन जारी हुनुपर्ने लगायतका मागहरु मध्ये मुख्य मागलाई संगठनको बटम लाईनका रुपमा सार्वजनिक गरिसकेको छ । संगठन सबै कर्मचारीको अभिभावक भएकै कारण कुनै पनि संस्था वा पेसाकर्मीहरु प्रति अन्याय भएको देख्न र सुन्न चाहँदैन । स्थानीय तहमा कार्यरत सबै कर्मचारीहरुका मागका सम्बन्धमा हाम्रो संगठन सदा सहकार्यको पक्षमा भएको तथ्य जाहेरै छ । तसर्थ समग्र समस्याको समाधान गर्न संघीय निजामती सेवा ऐन आम कर्मचारी मैत्री र ट्रेड युनियन मैत्री बनाई जारी गराउनका लागि दवाव दिन नेपाल निजामती कर्मचारी संगठनको नेतृत्वमा राष्ट्रियस्तरका ट्रेड युनियन तथा सम्पूर्ण कर्मचारीहरुलाई सहकार्यमा जुट्न र गोलवन्द हुन समेत यसै प्रेस विज्ञप्ति मार्फत अनुरोध गर्दछौं ।

लेखनाथ कोईराला
अध्यक्ष